# देवचुली नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ९) नवलपरासी (ब.सू.पू), भाद्र १८ गते, २०८३ (सख्याः १**

## भाग-२

### देवचुली नगरपालिकाको प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावनाः**

विद्यालयहरूको शैक्षिक, प्रशासनिक तथा व्यवस्थापकीय नेतृत्वलाई प्रभावकारी, पारदर्शी र नतिजामुखी बनाउन, शिक्षासम्बन्धि नीति, योजना, कार्यक्रम कार्यन्वयन गर्न, विद्यालयको समग्रपक्षको कुशल व्यवस्थापन गर्ने विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीको रुपमा नेतृत्व गर्ने प्रधानाध्यापकको विधिपूर्वक पारदर्शी रूपमा छनौट, नियुक्ति तथा व्यवस्थापन गरी विद्यालयको कुशल व्यवस्थापन गर्न वाञ्छनिय भएकोले नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र देवचुली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ साथै **शिक्षा (दशौं संशोधन) नियमावली, २०८३** को परिमार्जित व्यवस्था वमोजिम देवचुली नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद - १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम **"देवचुली नगरपालिका प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि देवचुली नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

(क) **"नगरपालिका"** भन्नाले देवचुली नगरपालिका सम्झनु पर्छ।

(ख) **"नगर शिक्षा समिति"** भन्नाले शिक्षा नियम बमोजिम गठित देवचुली गाउँ वा नगर शिक्षा समिति सम्झनु पर्छ।

(ग) **"शाखा"** भन्नाले देवचुली नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले देवचुली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) **"प्रधानाध्यापक"** भन्नाले कार्यविधिको प्रक्रिया पूरा गरी विद्यालयको प्रशासनिक तथा शैक्षिक नेतृत्व लिन नियुक्त शिक्षक सम्झनु पर्छ।

(च) **"विद्यालय व्यवस्थापन समिति (विव्यस)"** भन्नाले देवचुली नगरपालिकाको नगर शिक्षा ऐन, २०७६ को दफा २६ बमोजिम गठित समिति सम्झनु पर्छ।

(छ) **"दशौं संशोधन"** भन्नाले **शिक्षा (दशौं संशोधन) नियमावली, २०८३** सम्झनु पर्छ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद - २

## प्रधानाध्यापक छनौट समिति र योग्यता

### ३. प्रधानाध्यापक छनौट समितिको गठनः

१) देवचुली नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक छनौट प्रक्रियालाई निष्पक्ष र पारदर्शी रूपमा सञ्चालन गर्न देहाय बमोजिमको **"प्रधानाध्यापक छनौट समिति"** रहनेछः

क. सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि)

— संयोजक

ख. नगर शिक्षा समितिले तोकेको मान्यताप्राप्त विश्वविद्यालयबाट शिक्षाशास्त्र संकायमा कम्तिमा स्नातकोत्तर तह उत्तिर्ण गरेको दुई जना विषय विज्ञ — सदस्य

ग. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा शाखा प्रमुखले तोकेको अधिकृत— सदस्य

घ. विद्यालयको नि.प्रधानाध्यापक/ वरिष्ठ शिक्षक — सदस्य सचिव

### ४. उम्मेदवारको न्यूनतम योग्यताः

१)प्रधानाध्यापक पदको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछः

(क) **स्थायी शिक्षकः** सम्बन्धित तहको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षक हुनुपर्नेछ।

(ख) **शैक्षिक योग्यता तथा अनुभव**

१. **माध्यमिक तहः** मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण तथा ५ वर्ष स्थायी सेवा गरेको शिक्षकको हकमा स्नातक तह उत्तीर्ण
२. **आधारभूत तहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण तथा ५ वर्ष स्थायी सेवा गरेको शिक्षकको हकमा प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तिर्ण

देवचुली नगरपालिका राजपत्र

३. प्रधानाध्यापक नियुक्तिका लागि तोकिएको योग्यता (बुँदा नं. १ र २ बमोजिमको) भएका शिक्षक नभएका विद्यालयहरूमा नगर शिक्षा समितिले नगरपालिकाभित्रका विद्यालयहरूको मौजुदा शिक्षकहरूको अवस्था र विषयगत दरबन्दी समेतलाई मध्यनजर गरी जुनसुकै विद्यालयमा कार्यरत योग्यता पुगेका शिक्षकलाई उक्त विद्यालयमा सरूवा तथा पारस्परिक सरुवा (राहात समेत) गर्न सकिनेछ ।

## परिच्छेद - ३

## छनौट प्रक्रिया तथा अङ्क भार

### ५. विज्ञापन तथा आवेदन सङ्कलनः

(१) नगरपालिकाको शिक्षा शाखाले पद रिक्त रहेका वा आवधिक छनौट गर्नुपर्ने विद्यालयहरूको सूची तयार गरी कम्तीमा १५ (पन्ध्र) दिनको म्याद दिई सार्वजनिक सूचना (वेबसाइट तथा सूचना पाटीमा) प्रकाशन गर्नेछ।

(२) उम्मेदवारले तपसिल अनुसारका कागजातहरु सहित अनुसूची-१, बमोजिमको ढाँचामा अनूसूची ४ बमोजिमको ५ वर्षको "**विद्यालय विकास प्रस्ताव (SDP)** सम्वन्धित विद्यालय व्यवस्थापन समिति समक्ष आवेदन पेस गर्नु पर्नेछ।

क. उम्मेदवारको निवेदन

ख. सम्वन्धित तहको स्थायी नियूक्तिपत्र, बढुवा पत्रको प्रतिलीपि

ग. न्यूनतम र माथिल्लो योग्यताको लब्धाकंपत्र/ग्रेड सिटको प्रतिलीपि

घ. पछिल्लो ३ वर्षको अध्यापन गरेको विषयमा प्राप्त नतिजाः कार्यसम्पादन मूल्याकंनमा उल्लेख भए अनुसारको, हाल कार्यरत विद्यालयमा तीन वर्ष पूरा नभएको भए अघिल्लो विद्यालयमा प्राप्त नतिजा ।

(३) उपदफा २ बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन समितिले शिक्षक छनौट समिति समक्ष पठाउने छ ।

देवचुली नगरपालिका राजपत्र

**६. मूल्याङ्कनको अङ्क भार :** प्रधानाध्यापक छनौट अनुसूची २ बमोजिमको देहायका आधार र अङ्क भारकाआधारमा गरिनेछः

| | | |
|---|---|---|
| **१.** शैक्षिक योग्यता | | **-२५ अङ्क** |
| क. न्युनतम शैक्षिक योग्यताः | - १५ | |
| ख. माथिल्लो शैक्षिक योग्यताः | - १० | |
| **२.** तालिम | | **- १२ अंक** |
| क. शैक्षिक तालिम | - १० | |
| ख. विद्यालय व्यवस्थापन तालिम | - २ | |
| **३.** अनुभव | | **- २५ अंक** |
| **४.** अध्यापन गरेको विषयमा नतिजा | | **- १२ अंक** |
| **५.** विद्यालय विकास प्रस्ताव | | **- १४ अंक** |
| क. विद्यालय विकास प्रस्ताव | - १० | |
| ख. विद्यालय विकास प्रस्तावको प्रस्तुतिकरण | -४ | |
| **६.** नेतृत्व लिने क्षमता | | **- १२ अंक** |
| क. शिक्षा शाखा प्रमुख/शिक्षा अधिकृतको मूल्यांकनबाट | - ५ | |
| ख. विद्यालय व्यवस्थापन समितिबाट | - ५ | |
| ग. सम्बन्धित विद्यालयका शिक्षकहरूको मूल्यांकनबाट | - २ | |

## परिच्छेद - ४

## नियुक्ति, कार्यसम्पादन सम्झौता र पदावधि

### ७. सिफारिस तथा नियुक्तिः

(१) छनौट समितिले कुल प्राप्ताङ्कका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्ति गर्न व्यवस्थापन समिति समक्ष पेस गर्नुपर्नेछ । उक्त उम्मेदवारलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नका लागि व्यवस्थापन समितिले तीन दिन भित्र शिक्षा शाखामा सिफारिस गरी पठाउनु पर्नेछ । तर यसरी सिफारिस गर्दा साठी अङ्क प्राप्त नगर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्तिको लागि सिफारिस गरिने छैन ।

देउचुली नगरपालिका राजपत्र

(२) सिफारिस प्राप्त भएमा निजले पेस गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरू समयबद्ध रूपमा पूरा गर्ने कार्यसम्पादन करार गरी शाखाले सात दिनभित्र सम्बन्धित उम्मेदवारलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ।"

(३) प्रधानाध्यापक नियुक्तिका लागि तोकिएको योग्यता पुगेका शिक्षकहरू रहेका विद्यालयमा तोकिएको समयभित्र कुनै पनि शिक्षकले प्रधानाध्यापक नियुक्तिका लागि दरखास्त नदिएमा वा तोकिएको बमोजिमको अंक (६० अंक) हासिल गर्न नसकेमा सो विद्यालयमा सोही तहमा कार्यरत शिक्षकहरूमध्ये वरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्ने गरी शिक्षा महाशाखाले तोकी पठाउनेछ ।

(४) सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा सोही तहमा कार्यरत शिक्षकहरूमध्ये वरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । तर कुनै विद्यालयमा एकभन्दा बढी तह भएमा माथिल्लो तहको वरिष्ठतम शिक्षकले निमित्त भई काम गर्नेछ ।

(५) शिक्षक छनौट समितिले प्रधानाध्यापक पदको लागि शिक्षक सिफारिस गर्दा महिला, दलित र अपाङ्ग उम्मेदवार र अन्य उम्मेदवारको अंक बराबर भएमा क्रमशः महिला, दलित र अपाङ्ग उम्मेदवारलाई सिफारिस गर्नु पर्नेछ।

## ८. कार्यसम्पादन सम्झौता

(१) नियुक्ति पाउनुअघि प्रधानाध्यापकले शिक्षा शाखा प्रमुख र विव्यस अध्यक्षसँग अनुसूची-३ बमोजिमको कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ।

## ९. पदावधि

(१) प्रधानाध्यापकको पदावधि ५ वर्षको हुनेछ।

# परिच्छेद - ५

## प्रधानाध्यापकको काम, कर्तव्य, अधिकार र व्यवस्थापन

### १०. काम, कर्तव्य र अधिकारः

(१) विद्यालयको शैक्षिक, प्रशासनिक तथा वित्तीय नेतृत्व प्रदान गर्ने।

(२) विद्यालयमा विद्यार्थीमाथि कुनै पनि प्रकारको शारीरिक, मनोवैज्ञानिक वा मनोसामाजिक नकारात्मक असर पर्ने कार्य पूर्ण रूपमा रोक्ने र बालमैत्री वातावरण निर्माण गर्ने।

(३) स्मार्ट टिभी, प्रविधि तथा ICT सामग्रीको अधिकतम उपयोग गरी शिक्षण सिकाइ सञ्चालन गर्ने।

(४) नियम अनुसार शिक्षक सरुवा, बिदा, रमाना तथा ई-पेन्सन लगायतका विवरणहरू राष्ट्रिय किताबखानाको अनलाइन प्रणालीमा अध्यावधिक गर्न सहजीकरण गर्ने।

(५) नगरपालिकाले सञ्चालन गर्ने सिकाइ उपलब्धि परीक्षण तथा अनुगमन कार्यमा पूर्ण सहयोग पुऱ्याउने।

(६) अन्य कार्य शिक्षा ऐन तथा नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

**११. भत्ता तथा प्रोत्साहनः** (१) प्रधानाध्यापकको भत्ता तोकिए अनुसार हुनेछ ।

### १२. पदबाट हटाउन सकिने अवस्थाः

१. देहायका अवस्थामा तोकिएको शिक्षा शाखा प्रमुख वा शिक्षा अधिकृतको प्रतिवेदन तथा नगर शिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले प्रधानाध्यापकलाई पदबाट हटाई साबिकको शिक्षक पदमा फर्काउन सक्नेछः

क. कार्यसम्पादन सम्झौता अनुसार लगातार दुई वर्षसम्म न्यूनतम ५०% प्रगति हासिल गर्न नसकेमा।

ख. वित्तीय अनियमितता वा गम्भीर नैतिक पतन देखिने आचरण गरेमा।

ग. नियमावलीको नियम २५ (१) (ट१) बमोजिम बालबालिकामाथि शारीरिक वा मानसिक यातना/भेदभावपूर्ण व्यवहार रोक्न नसकेमा वा आफैं संलग्न भएमा।

घ. लगातार १५ दिनभन्दा बढी विना सूचना विद्यालयमा अनुपस्थित रहेमा।

ङ. प्रचालित कानुन विपरीत कार्य गरेको भएमा ।

देवघाट नगरपालिका राजपत्र

२. पद रिक्त हुने अवस्थाः

क. निजको मृत्यु भएमा

ख. निजले राजिनामा दिएमा

ग. दफा १२ (१) बमोजिम हटाइएको अवस्थामा

## परिच्छेद - ६

## समायोजन, एकीकरण र विशेष व्यवस्था

### १३. विद्यालय समायोजन वा एकीकरण हुँदा प्रधानाध्यापकको व्यवस्थापनः

(१) दुई वा सोभन्दा बढी विद्यालय समायोजन वा एकीकरण भई खारेज भएमा खारेज भएको विद्यालयका प्रधानाध्यापक शिक्षक पदमा कायम रहनेछन्।

(२) समायोजन वा एकीकरण भई कायम रहेको विद्यालयको हकमा साबिकको प्रधानाध्यापकले निरन्तरता पाउनेछन्। तर विद्यालयको तह वृद्धि (प्राविबाट आधारभूत/मावि) भएमा नियमानुसार पुनः प्रधानाध्यापक छनौट प्रक्रिया सञ्चालन गर्नुपर्नेछ।

## परिच्छेद - ७

## विविध

### १४. अनुगमन तथा मूल्याङ्कनः

नगरपालिकाको शिक्षा शाखा, प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अनुगमन टोलीले विद्यालयको आकस्मिक तथा आवधिक अनुगमन गरी कार्यविधि पालनाको प्रतिवेदन पेस गर्नेछ।

### १६. बाधा अड्काउ फुकाउः

(१) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै द्विविधा वा स्पष्टता नभएमा नगर कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ।



देवचुली नगरपालिका राजपत्र

(२) यस कार्यविधिमा उल्लेख भएको सोहि अनुसार हुने तथा सो बाहेकका विषयहरु शिक्षा ऐन तथा नियमावली बमोजिम हुनेछ

देवचुली नगरपालिका राजपत्र

## अनुसूची-१

*(कार्यविधिको दफा ५ को उपदफा (२) सँग सम्बन्धित)*

**प्रधानाध्यापक पदको आवेदन तथा स्वघोषणा ढाँचा**

मितिः

श्री  विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्यू,

............................ विद्यालय,

देवचुली नगरपालिका - .........., नवलपरासी (ब.सु.पू)।

**विषयः प्रधानाध्यापक पदमा आवेदन सम्बन्धमा ।**

म निम्न विवरण अनुसारको योग्यता र अनुभव भएको स्थायी शिक्षक भएकाले देवचुली नगरपालिका अन्तर्गत श्री .......................................... विद्यालयको प्रधानाध्यापक पदका लागि आवश्यक ५ वर्षे विद्यालय विकास प्रस्ताव (SDP) अनुसूचि ४ बमोजिम  संलग्न गरी आवेदन पेस गर्दछु।

१. नाम, थरः

२. कार्यरत विद्यालय र तह/श्रेणीः

३. स्थायी नियुक्ति मितिः

४. बढुवा मितिः

५. पछिल्लो ३ वर्षको अध्यापन गरेको विषयमा प्राप्त नतिजाः

६. शैक्षिक योग्यताः

७. **स्वघोषणाः** म प्रचलित कानून, शिक्षा नियम (दशौं संशोधन, २०८३) र यस कार्यविधि बमोजिम प्रधानाध्यापक पदमा नियुक्त हुन कुनै पनि तवरले अयोग्य छैन भनी स्वघोषणा गर्दछु।

**निवेदकः**
दस्तखतः .......................
नामः .............................

देवचुली नगरपालिका राजपत्र

## अनुसूची-२

*(कार्यविधिको दफा ६ सँग सम्बन्धित)*

**प्रधानाध्यापक छनौटका आधारहरू**

| क्र.स. | छनौटका आधार | अंक | अंक विभाजनका आधार |
|---|---|---|---|
| | १. शैक्षिक योग्यता | | |
| | (क) न्यूनतम शैक्षिक योग्यता | १५ | •५ वर्षभन्दा कम स्थायी सेवा भएका उम्मेदवारहरूको हकमा माध्यमिक तहका लागि स्नातकोत्तर र आधारभूत तहका लागि स्नातक । यी उम्मेदवारहरूका लागि प्रथम श्रेणीको लागि १५ अङ्क, द्वितीय श्रेणीको लागि १३ अङ्क र तृतीय श्रेणीको लागि ११ अङ्क<br>•५ वर्षभन्दा बढी सेवा अवधि भएकाहरूका हकमा माध्यमिक तहका लागि स्नातक वा सो सरह र आधारभूत तहका हकमा प्रमाणपत्र तह वा सो सरह । यी उम्मेदवारहरूका लागि प्रथम श्रेणीको लागि १० अङ्क, द्वितीय श्रेणीको लागि ८ अङ्क र तृतीय श्रेणीको लागि ६ अङ्क |
| | (ख) माथिल्लो शैक्षिक योग्यता | १० | •५ वर्षभन्दा कम स्थायी सेवा भएका उम्मेदवारहरूको हकमा माध्यमिक तहका लागि एमफिल र आधारभूत तहका लागि स्नातकोत्तर<br>•५ वर्षभन्दा बढी सेवा अवधि भएकाहरूका हकमा माध्यमिक तहका लागि स्नातकोत्तर वा सो सरह र आधारभूत तहका हकमा स्नातक वा सो सरह<br>•प्रथम श्रेणीको लागि १० अङ्क, द्वितीय श्रेणीको लागि ८ अङ्क र तृतीय श्रेणीको लागि ६ अङ्क । |
| | २. शिक्षण अनुभव | २५ | •प्रति वर्ष प्रथम श्रेणीको भए २.५ अङ्कका दरले, द्वितीय श्रेणीको भए २ अङ्कका दरले र तृतीय श्रेणीको भए १.५ अङ्कका दरले बढीमा २५ अङ्क<br>•महिलाको हकमा २५ अंक ननाघ्ने गरी बीस प्रतिशत अङ्क थप गरिनेछ । |
| | ३. तालिम | | |
| | (क) शैक्षिक तालीम | १० | •प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ । श्रेणी नखुलेको |

देवचुली नगरपालिका राजपत्र

| | | | |
|---|---|---|---|
| | | | तालिमलाई द्वितीय श्रेणीको अङ्क |
| | (ख) विद्यालय व्यवस्थापन तालीम | २ | •एकमुष्ट २ अंक |
| | ४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा | १२ | •पछिल्लो तीन वर्षको प्रति शैक्षिक सत्रको बढीमा चार अंकका दरले<br>•यसको गणना गर्दा अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशतलाई सम्बन्धित विषयको नगरपालिकाको औसत उत्तीर्ण प्रतिशतले भाग गरी ४ ले गुणा गरी हुन आउने अंक<br>**अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत** / **सम्बन्धित विषयको भौगोलिक एकाइको औसत उत्तीर्ण प्रतिशत** *४ |
| | ५. विद्यालय विकास प्रस्ताव | | |
| | (क) विद्यालय विकास प्रस्ताव | १० | •विद्यालय विकास प्रस्तावको मूल्याङ्कनका आधार<br>(क) वर्तमान शैक्षिक र आर्थिक अवस्था,<br>(ख) विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि,<br>(ग) वर्तमान अवस्था र अपेक्षित उपलब्धिको सूचकगत अन्तर,<br>(घ) अपेक्षित उपलब्धि हासिल गर्ने स्रोत पहिचान सहितको कार्य योजना,<br>(ङ) कार्ययोजनाको मूल्याङ्कनका सूचकहरू<br>•प्रस्ताव वापत अङ्क प्रदान गर्दा ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अङ्क दिनु परेमा सो को पुष्ट्याइँ समेत दिनुपर्नेछ । |
| | (ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण | ४ | |
| | ६. नेतृत्व लिने क्षमता | | |
| | (क) शिक्षा शाखा प्रमुख/अधिकृतको मूल्यांकनबाट | ५ | |
| | (ख) व्यवस्थापन समितिको मूल्यांकनबाट | ५ | •व्यवस्थापन समितिले उम्मेदवारको मूल्याङ्कन गर्दा बैठक बसी लिखित निर्णय गर्नु पर्नेछ । |
| | (ग) सम्बन्धित विद्यालयका शिक्षकहरूको मूल्यांकनबाट | २ | •शिक्षकहरूले अलग अलग फाराममा गोप्य मूल्याङ्कन गरी आफ्नो मूल्याङ्कन शिक्षक छनौट समितिलाई बुझाउनु पर्नेछ । उम्मेदवार हुनेले मूल्याङ्कनमा सहभागी हुन पाउने छैन । |
| | **जम्मा** | १०० | |

देवचुली नगरपालिका राजपत्र

- प्र.अ. छनोट तथा नियुक्ति गर्ने जिम्मेवारी स्थानीय तह हुने मूल नियममा व्यवस्था रहेकोले सोही नियमसँग तालमेल हुने गरी अनुसूचीमा मिलान गरी शिक्षा शाखा प्रमुखले नेतृत्व क्षमता वापतको ५ अङ्कभारको मूल्याङ्कन गर्नेछ ।
- नेतृत्व लिने क्षमता वापत अङ्क प्रदान गर्दा समेत ८० प्रतिशतभन्दा बढी र ४० प्रतिशतभन्दा कम अङ्क दिनु परेमा सोको पुष्ट्याँई समेत गर्नुपर्नेछ ।

शिक्षक छनौट समितिले प्रधानाध्यापक पदको लागि शिक्षक सिफारिस गर्दा महिला, दलित र अपांग उम्मेदवार र अन्य उम्मेदवारको अङ्क बराबर भएमा क्रमशः महिला, दलित र अपाङ्गता भएको उम्मेदवारलाई सिफारिस गर्नुपर्नेछ ।

**७.शिक्षा शाखा प्रमुख र व्यवस्थापन समितिले प्रधानाध्यापकको उम्मेदवारको नेतृत्व लिने क्षमताको मूल्याङ्कन देहायका आधारमा गर्नु पर्नेछः-**

| **मूल्याङ्कनका आधारहरू** | **अतिउत्तम** (१.२५) | **उत्तम** (१.००) | **मध्यम** (०.७५) | **सामान्य** (०.५०) |
|---|---|---|---|---|
| (क) शिक्षण पेशा प्रति निष्ठावान तथा लगनशील | | | | |
| (ख) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव | | | | |
| (ग) विद्यार्थी, शिक्षक र व्यवस्थापन समिति बीच प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने क्षमता | | | | |
| (घ) उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार | | | | |
| **जम्मा** | | | | |

देवघाट गाउँपालिका राजपत्र

## अनुसूची-३

*(कार्यविधिको दफा ८ सँग सम्बन्धित)*

## देवचुली नगरपालिका र विद्यालयका प्र.अ. वीच भएको सम्झौता पत्र२०८३ -

नवलपरासी जिल्ला अन्तर्गत देवचुली नगरपालिकामा रहेका सामुदायिक (बर्दघाट सुस्ता पूर्व) प्रतिबद्ध विद्यालयहरूका प्रधानाध्यापकहरूलाई आफ्नो जिम्मेवारीप्रति पूर्ण, नतिजामा उत्तरदायी र जवाफदेही बनाई सम्पादन हुने कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन, शिक्षा नियमावली २०५९, संसोधन सहित, देवचुली नगरपालिकाको शिक्षा ऐन, २०७६ तथा देवचुली नगरपालिका प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८३ बमोजिम देवचुली नगरपालिका यस पछि प्रथम पक्ष भनिएको र देवचुली नगरपालिका वडा नं ........ का प्रधानध्यापक श्री ............................ यस पछि दोस्रो पक्ष भनिएको विच देहायका सर्तहरू बमोजिम मिति ५ देखि आगामी ......../......../......... (पाँचसम्म कायम रहने (......../......../.......) वर्ष ( गरी यो कार्यसम्पादन करार सम्झौता गरिएको छ ।

क. दोस्रो पक्षले सम्पादन गर्नुपर्ने कार्यहरु

१. नीतिगत पालना२०२८ शिक्षा ऐन :, शिक्षा नियमावली २०५९, शिक्षक सेवा आयोग नियमावली २०५७ र देवचुली नगर शिक्षा ऐन २०७६ को पूर्ण पालना गर्ने ।
२. ५ वर्षे विद्यालय विकास प्रस्ताव, विद्यालय सुधार योजना , वार्षिक दैनिक/पाठयोजना, शिक्षण सुधार योजना र सिकाइ लगबुक निर्माण गरी लागू गर्ने ।
३. आन्तरिक एवं सङ्घस्थानीय तहबाट प्राप्त अनुदान पारदर्शी रूपमा खर्च गरी तोकिएको /प्रदेश/ समयमै लेखापरीक्षण र सामाजिक परीक्षण गराई प्रतिवेदन पेस गर्ने ।
४. एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली )IEMIS) को पूर्ण रुपमा कार्यान्वयन एवम् तथ्याङ्क नियमित अद्यावधिक गर्ने ।
५. 'एक शिक्षक, एक पिरियड, एक शैक्षिक सामग्री' कडाइका साथ लागू गर्ने, शिक्षकहरूसँग आन्तरिक कार्यसम्पादन सम्झौता गर्ने, नियमित कक्षा अवलोकन गर्ने र विषय विज्ञबाट नमुना कक्षा प्रदर्शन गराउने ।
६. विद्यार्थी उपलब्धि वृद्धि योजना निर्माण गरी तोकिएको सिकाइ उपलब्धी बढाउने, हप्ताको शुक्रबार अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने, महिनामा कम्तीमा एक पटक स्टाफ बैठक बस्ने र तोकिएको पोसाक अनिवार्य लागू गर्ने ।
७. शिक्षकहरुसँग सिकाई उपलब्धि वृद्धि गर्न कार्य सम्पादन सम्झौता गरी कार्यान्वयन गर्ने, गराउने, कार्यसम्पादन र आचरणको आधारमा शिक्षक प्रोत्साहन तथा नियमावलीमा तोके अनुसारको कारवाही समेत गर्ने ।
८. शिक्षकनिर्माण गरी अभिभावक र विद्यालय व्यवस्थापन समितिको आचारसंहिता,विद्यार्थी, कार्यान्वयन गर्ने ।

देवचुली नगरपालिका राजपत्र

९. हाल भैरहेको सिकाई उपलव्धिमा वृद्धि गर्न लक्ष्य निर्धारण गरी कम्तीमा ३ प्रतिशत सिकाई उपलव्धि वृद्धि गर्ने ।

१०. विद्यालयको समग्र विकासको लागि विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापनको लागि विद्यालय व्यवस्थापन समिति र शैक्षिक गुणस्तर विकासको पक्षमा शिक्षक अभिभावकसँग समन्वय गर्ने ।

**प्रथम पक्षले दोस्रो पक्षलाई उपलव्ध गराउनु पर्ने सेवा सर्त सुविधाहरुः**

१. नियमानुसारको सुविधा यो करार सम्झौता वहाल रहेसम्म निरन्तर उपलव्ध गराउने ।

२. वित्तीय हस्तान्तरण भएका कार्यक्रम तथा नगरपालिकाबाट निर्दिष्ट कार्यक्रमको कार्यान्वयन (आर्थिक तथा व्यवस्थापकीय)मा सहजिकरण गर्ने ।

३. विद्यालयको शैक्षिक, भौतिक तथा व्यस्थापकीय पक्षको नियमित अनुगमन र सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने ।

४. विद्यालयले गरेको कार्यसम्पादन सम्झौतामा भएका कार्यहरु सम्पन्न गरे नगरेको सुपरिवेक्षण गरी आवश्यक कार्य गर्ने ।

५. तोकिएको सर्त पूरा गर्ने प्रधानध्यापक र विद्यालयलाई उचित सम्मान र पुरस्कारको व्यवस्था गर्ने ।

दोस्रो पक्षको तर्फवाट

| | |
|---|---|
| प्र अ को नामः<br>दस्तखत<br>मितिः | विद्यालयको छापः |

प्रथम पक्षको तर्फबाट

| | |
|---|---|
| नामः<br>पदः शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख<br>दस्तखत<br>मितिः | कार्यालयको छापः |

रोहवरः

| |
|---|
| नामः<br>पदः विद्यालय व्यवस्थापन समिति अध्यक्ष<br>दस्तखत<br>मितिः |

देवचुली नगरपालिका राजपत्र

## अनुसूची-४

*(दफा ५ को २ सङ्ग सम्बन्धित)*

## विद्यालय विकास प्रस्ताव (SDP) को ढाँचा

(क) परिचयः

(ख) विद्यालय सेवा क्षेत्रको विश्वेषणः

- गाँउ/टोलको विश्वेक्षण
- विद्यालय क्षेत्रभित्रको आर्थिक, सामाजिक, मनोवैज्ञानिक, धार्मिक, भौतिक, प्राकृतिक, जनसांख्यिक, शैक्षिक अवस्थाको विश्लेषण

(ग) विद्यालयको वर्तमान अवस्थाको विश्वेषण (SWOT Analysis):

(घ) लक्ष्य र उद्देश्यः

(ङ) शैक्षिक गुणस्तर अभिवृद्दिका रणनीतिक कार्यक्रमहरुः

**प्रमाणित मितिः २०८३/०५/१८**

**आज्ञाले**

**विनोद रोका**

**प्रमुख प्रशासकीय अधिकृत**

देवचुली नगरपालिका राजपत्र